# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५
टोलफ्रि नं: १६६००११६१८५

मधेशी आयोग
ज्वागल, ललितपुर

मिति: २०७९।०९।१४ गते।

## प्रेस विज्ञप्ति

तराई - मधेशका जिल्लाहरुमा प्राकृतिक विपदको रुपमा हुने शीतलहरले जनजीवनलाई नराम्रो तरिकाले असर पार्दै छ । हुस्सु र कुहिरोको कारण चिसो अत्याधिक वढेको छ । सामान्य तापक्रममा कमि आएको छ । जनजीवन असमान्यता तिर धकेलिदै गएको छ । ज्येष्ठ नागरिक दीर्घरोगी, वालवालिका लगायतहरुलाई जीवनयापन गर्न कठिन भइरहेको छ ।

विभिन्न तहमा रहेका सरकारी र गैर-सरकारी विपद व्यवस्थापन संस्था/केन्द्रहरु अझ सक्रिय हुन आवश्यक छ । तीनै तहका सरकारहरुले अशक्त, गरिव, अपाङ्ग सहितका लक्षित वर्गहरुलाई न्युनतम सुविधाको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

सामाजिक संघ-संस्थाहरुको विगतभन्दा अझ बढी सक्रिय र संवेदनशील हुनुपर्ने हुन्छ । न्यानो वनाउनको लागि काठ-दाउरा, चोक-चोकमा "घुर" आगो ताप्ने, न्यानो लुगा सामग्रीहरुको व्यवस्था हुन समेत आवश्यक देखिन्छ । शितलहरको कारणले कसैको ज्यान जान नदिन स्थानीय सरकार सहित प्रदेश सरकारहरुले विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

यसका साथै, उखु किसानको उखुको समसामयिक मुल्य निर्धारण गरी उत्पादित उखुको वजार व्यवस्थापनको लागि आयोग हार्दिक अपील गर्दछ ।

सविता डंगोल

(सविता डंगोल)
निमित्त सचिव